मधेश प्रदेश सरकार

गृह,सञ्चार तथा कानुन मन्त्रालय

# मिडिया काउन्सिल

जनकपुरधाम, धनुषा, नेपाल

मिति : २०८३/०३/०९

## प्रेस विज्ञप्ति

**पत्रकारिता आचारसंहिता तथा सञ्चार माध्यमको जिम्मेवार अभ्याससँग सम्बन्धित विषयमा पछिल्लो समय विभिन्न माध्यमबाट प्राप्त गुनासा, उजुरी तथा सार्वजनिक चासोलाई दृष्टिगत गर्दै मिडिया काउन्सिल मधेश प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ । सञ्चार क्षेत्रलाई स्वच्छ, विश्वसनीय र मर्यादित बनाउन सम्पूर्ण सञ्चारमाध्यम, पत्रकार तथा सञ्चारकर्मीलाई निम्न विषयमा विशेष सचेत रहन आग्रह गरिन्छ ।**

१. अनलाइन सञ्चारमाध्यम, युट्युब च्यानल वा सामाजिक सञ्जालमार्फत दर्शक, पहुँच वा आम्दानी वृद्धि गर्ने उद्देश्यले अपुष्ट, भ्रामक, उत्तेजनात्मक वा भ्रम सिर्जना गर्ने सामग्री सम्प्रेषण नगर्न ।

२. सार्वजनिक निकाय, शैक्षिक संस्था, स्वास्थ्य संस्था वा अन्य कार्यालयमा अनुमति तथा आवश्यक मर्यादा बिना प्रवेश गरी समाचार सङ्कलन वा प्रसारणका क्रममा अस्वाभाविक दबाब, अवाञ्छित व्यवहार नगर्न ।

३. कुनै व्यक्ति, संस्था वा समुदायविरुद्ध पर्याप्त तथ्य र प्रमाणबिना आरोप लगाउने, सामाजिक सञ्जालमार्फत गालीगलौज गर्ने, मानमर्दन गर्ने वा प्रतिष्ठामा आघात पुग्ने सामग्री प्रकाशन-प्रसारण नगर्न ।

४. समाचारको सत्यता, सन्तुलन र विश्वसनीयता परीक्षण नगरी व्यक्तिको चरित्र, पेशागत छवि वा सामाजिक प्रतिष्ठामा नकारात्मक असर पर्ने सामग्री सम्प्रेषण नगर्न ।

५.सरकारी तथा सार्वजनिक कार्यालयमा समाचार सङ्कलनका क्रममा कर्मचारी वा जिम्मेवार पदाधिकारीलाई धम्की, दबाब वा अनावश्यक प्रभावमा पार्ने व्यवहार नगर्न तथा सूचनाको अधिकारको प्रयोगलाई मर्यादित र जिम्मेवार बनाइराख्न ।

६. बालबालिका, महिला, ज्येष्ठ नागरिक, हिंसापीडित तथा संवेदनशील अवस्थाका व्यक्तिहरूसँग सम्बन्धित सामग्री सम्प्रेषण गर्दा गोपनीयता, मानवीय संवेदनशीलता र कानुनी व्यवस्थाको पूर्ण पालना गर्न ।

७. पत्रकारिता पेशाको आडमा कुनै प्रकारको आर्थिक, सामाजिक वा व्यक्तिगत लाभ हासिल गर्ने, अनुचित प्रभाव सिर्जना गर्ने वा पेशागत मर्यादाविपरीत गतिविधिमा संलग्न नहुन ।

८. सामाजिक सञ्जाल प्रयोग गर्दा पनि पत्रकारिता आचारसंहिता, तथ्यपरकता, सभ्यता र जिम्मेवारीलाई आत्मसात् गर्न तथा भ्रम, द्वेष वा उत्तेजना फैलाउने सामग्रीहरु प्रकाशन प्रसारण नगर्न ।

मिडिया काउन्सिल मधेश प्रदेशले पत्रकारिता क्षेत्रलाई थप जिम्मेवार, विश्वसनीय, मर्यादित र जनउत्तरदायी बनाउन सबै सञ्चारमाध्यम, सञ्चारकर्मी तथा सरोकारवालालाई पत्रकारिता आचारसंहिताको पूर्ण पालना गर्न हार्दिक अनुरोध गर्दछ ।

**मिडिया काउन्सिल मधेश प्रदेश**
**"स्वच्छ, विश्वसनीय र मर्यादित पत्रकारिताको पक्षमा"**

का.वा. अध्यक्ष

Bandana 
२०८३/०३/०९

बन्दना कुमारी झा
का.वा.अध्यक्ष
मिडिया काउन्सिल मधेश प्रदेश